सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल) बगलामुखी काठमाण्डौ

## पुराना सवारी साधन लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७५/११/१४ गते ।**

सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (बिशेष कार्यदल) बगलामुखी काठमाण्डौमा रहेका तपसिल बमोजिमका पुराना सवारी साधन जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक नेपाली व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई सिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सवारी साधनको बिवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बा १ झ ६१६८ टाटामोबाईल | ३०५००।- | ३००।- | नामसारी नहुने |

बोलपत्र फाराम श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१९ गण हे.क्वा. (बिशेष कार्यदल) बगलामुखी काठमाण्डौमा दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७५/११/२० गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम ८ औं दिन (मिति २०७५/११/२१ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (बिशेष कार्यदल) बगलमुखी काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरीनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (बिशेष कार्यदल) बगलमुखी काठमाण्डौंको कार्यालय कोड नं. ३०५०३३५१८ को कोष तथा लेखा नियन्त्रक कार्यलय, लैनचौर काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कलकी, काठमाण्डौको धरौटी खाता नं. ११००२०३०००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० (दश) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी सवारी साधन उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजस्वमा दाखिला गरिने छ । लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनिहरुले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उल्लेखित सवारी साधन हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-४२८७८३९ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** <u>www.apf.gov.np</u> मा समेत राखिएको छ ।